
## बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
## एवं गाउँपालिका उपाध्यक्ष राजकला सार्कीले
## गाउँसभा समक्ष प्रस्तुत गर्नुभएको



# आर्थिक वर्ष २०८१।०८२ को बजेट वक्तव्य

**हिमाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**धुलाचौर, बाजुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

CS CamScanner

गाउँ सभा अध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यू,

प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, विभिन्न स्थानीय व्यक्तित्व, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुलाई हिमाली गाउँपालिकाको चौधौं गाउँ सभा तथा आठौं बजेट तथा कार्यक्रम प्रस्तुत समारोहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको कानुनी व्यवस्था अनुसार बजेट एवं कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम (आय व्यय विवरण सहितको) पेश गर्न गईरहेको छु । भुकम्प तथा बाढीपहिरो पिडित नागरिकहरुको प्रभावलाई न्यूनिकरण गर्दै गाउँबासीको स्वास्थ्यलाई प्रभावकारी रुपमा संरक्षण गर्न र गाउँबासीको जनजीवनलाई सामान्य अवस्थामा ल्याई स्वास्थ्य सुरक्षा र विकासलाई संग-संगै सम्बोधन गर्नुपर्ने चुनौतीपूर्ण एवं कठिन परिस्थितिको बीचमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै रहदा मैले जिम्मेवारी बोध गर्दै आर्थिक वर्षको बजेट तथा कार्यक्रम सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहान्छु ।

गाउँ सभा अध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यहरु,

१ भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु केही चुनौतीहरु विद्यमान नै छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा संविधानको अनुसुची (८) मा भए बमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरी आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

२ राज्यको निर्देशक सिद्धान्त, संघिय आर्थिक नीति, प्रादेशिक नीति र दिगो विकासका लक्ष्य, सोह्रौं आवधिक योजनाको लक्ष्य, प्रादेशीक आवधिक योजनाका लक्ष्य प्राप्ति एवं स्थानीय सरकारको नीति र कार्यक्रमलाई कार्यन्वयन गर्ने गरी बजेट तर्जुमा गरेका छौं । मैले यस सम्मानित सभामा मिति २०८१ आषाढ १० गते प्रस्तुत गरेको विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता तथा गाउँ कार्यपालिका र गाउँसभाका सदस्यहरु विभिन्न क्षेत्रबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सुझाव समेतलाई बजेट तर्जुमाको मुल आधार बनाएको छु ।

३ बजेट तर्जुमा गर्दा मैले स्थानिय सरकारको अधिकार सूची, केन्द्र सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारको निति तथा कार्यक्रमलाई ध्यान दिई तिव्र, उच्च, फराकिलो र समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रीत गर्न खोजेको छु ।

४ स्थानीय जनअपेक्षा र आदरणीय सभाका सदस्यहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्वोधन गर्न ठुलो आकारको बजेटको आवश्यकता पर्ने देखिन्छ । हामी संघियता कार्यान्वयनको चरणमा रहेको हुँदा गाउँपालिकाले प्राप्त गर्ने स्रोत र साधन, खर्च गर्न सक्ने क्षमताका आधारमा यो बजेट तर्जुमा गरेको छु ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका उपाध्यक्ष



CamScanner

५ गाउँपालिकाको आर्थिक विकासका लागि कानुन तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरीक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, आयोजनाको प्राथमिकिकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन, विकटता अशिक्षा वेरोजगारीसंगै हालका भुकम्प, बाढिपहिरो साथै महामारी जन्य प्रकोपले सृजित चरम गरिवि लाई न्युनिकरण गरी रोजगारीमुलक बनाउने हाम्रा प्रमुख चुनौति रहेका छन् । जहाँ समस्या त्यहाँ समाधान भने जस्तै यी चुनौतीलाई अवसरको रुपमा परिणत गर्न यो बजेट पक्कै पनि उपलब्धीमुलक हुने अपेक्षा समेत गरेकोछु ।

**गाउँ सभा अध्यक्ष महोदय,**

**गाउँ सभा सदस्य ज्यू,**

**अब म चालु आर्थिक वर्ष २०८०।०८१ को बजेट कार्यान्वयको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

चालु आर्थिक वर्ष २०८०।०८१ को लागि चालु तर्फ रु. १९ करोड ३७ लाख ७० हजार ३ सय र पूँजीगत तर्फ रु. १४ करोड ६३ लाख ६३ हजार गरी जम्मा रु. ३४ करोड १ लाख ३३ हजार ३ सय निनियोजन भएकोमा २०८१ असार ९ गतेसम्म चालु तर्फ रु. १३ करोड ३ लाख ३९ हजार २ सय ५६ रुपैया देखिएको छ, जुन कूल चालू बजेटको ६७.२६ प्रतिशत हुन आउँछ, त्यसै गरी पूजीगत तर्फ रु. ९ करोड २३ लाख ६२ हजार ८ सय ९८ रुपैयां प्रगती देखिएको छ, कुल पूजीगत बजेटको ६३.१० प्रतिशत हुन आउँछ । यस प्रकार कूल खर्च रु. २२ करोड २७ लाख २ हजार १ सय ५५ रुपैयां भएको छ, जुन कुल बजेटको ६५.४७ प्रतिशत खर्च हुन गएको छ ।

**सभा अध्यक्ष महोदय,**

**अब म चालू आर्थिक वर्ष २०८१।०८२ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- आर्थिक विकास तथा गरिबी निबारणमा प्रत्यक्ष योगदान
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रमा लगानी
- जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा वृद्धि
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग
- लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ
- दिगो विकास, वातावरण संरक्षण र सम्वर्द्धन गर्न सघाउ
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन स्थलको सरसफाई
- ऐतिहासिक स्थलहरुको संरक्षण तथा सम्वर्द्धन
- स्थानीय लो संस्कृति तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण
- पर्यटन विकास ।

६. **आर्थिक वर्ष २०८१।०८२ को बजेटका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :**

- सडक, पुल, विद्यालय, विद्युत,ऊर्जा, स्वास्थ्य संरचना, सिचाई, खानेपानी, औद्योगिकिरण लगायतका संरचना तथा भौतिक पुर्वाधार को सन्तुलित विकासमा जोड दिने,
- पर्यटन, कृषि, पशु घरेलु उद्यम जस्ता उत्पादनशिल क्षेत्रको लगानीवाट उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगार सिर्जना गर्ने,
- प्रधानमन्त्री रोजगार र युवा स्वरोजगार कार्यक्रम को माध्यमबाट रोजगारी सिर्जना गर्ने,
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा जोड दिने,

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

- जडिबुटी संकलन, उत्पादन, व्यावसायिक र बजारीकरणमा जोड दिने,
- महामारी तथा विपत् जोखीम न्युनिकरण गर्ने राष्ट्रिय अभियानमा गाउँपालिकाको तर्फबाट सोही बमोजिम कार्य गर्ने गरी सबै प्रकारका गतिविधि सञ्चालनमा जोड दिने ।

७ **"स्वास्थ्य, शिक्षा, कृषि, जडिबुटी, पर्यटन, र पूर्वाधार, औद्योगिकरण, सुशासन समृद्ध हिमालीको आधार"**

भन्ने नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८१/०८२ को बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

भौतिक पुर्वाधार (गाउँपालिका भवन, विद्यालय भवन, स्वास्थ्य चौकी भवन, सडक संरचना निर्माण, औद्योगिक ग्राम, पर्यटन पदमार्ग निर्माण,लिफट खानेपानी, सार्वजनिक शौचालय स्तर उन्नती, लगाएत)

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकीकरण,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता क्षेत्रमा लगानी,
- पर्यटन पुर्वाधारको विकास र प्रवर्द्धन,
- उर्जाको विकास र विस्तार तथा विद्युतिकरण अध्यन,
- जडिबुटी, संकलन, उत्पादन, व्यवसायिकिरण, र बजारीकिकरण,
- घरेलु उद्यम विकास,
- जलस्रोतको विकास र सिंचाई,
- खेलकुद पुर्वाधारको विकास,
- मानव ससाधन विकास, लक्षीत वर्ग हितमुलक कार्यक्रमहरु,
- वन तथा वातावरण, वृक्षारोपण
- विपद तथा प्रकोप व्यवस्थापन र वेरोजगारी समस्या समाधान
- सामाजीक सुरक्षा र सामाजीक संरक्षण

**अव म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८१/०८२ को बजेट र कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।**

१) कृषकहरुलाई आत्मनिर्भर गर्नका लागि कृषिक्षेत्र तथा पशुपन्छी क्षेत्रका कार्यक्रमहरु संचालन गर्नका लागि १६ लाख बजेटको व्यवस्था गरेको छु ।

२) **"परम्परागत कृषिमा आधुनिक प्रविधि, रैथाने बाली र फलफुल खेती मार्फत आत्मनिर्भर बनाउने हिमाली नीती"** लाई आत्मसात गर्दै रैथाने बाली र फलफूल प्रशोधन प्याकेजिङ्ग **लेबलिङ्ग** गर्ने गरी उद्योगको स्थापना सञ्चालन गर्नको लागि बजेटको व्यवस्था मिलाईएको छ ।

३) **"आजको लगानी बोट, भोलिको प्रतिफल नोट"** भन्ने नाराका साथ यस हिमाली गाउँपालिकाले सचालन गर्दै आएको खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रम मार्फत उपलब्ध गराउँदै आउदै खाद्यन्नको सट्टा फलफूल उत्पादनमा ढुवानीमा बजारीकरणमा अनुदानको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

४) **कृषि तथा पुशजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालन मार्फत सहजिकरण गर्ने गरी बजेटको.व्यवस्था गरिएको छ ।**

५। कृषकहरुले उत्पादन गरेका फलफूलहरु र अन्य नगदेबालीहरुको भण्डारण गर्न **कृषि सित गृह (कोल्ड स्टोर)** निर्माण कार्य भइसकोले सञ्चालनमा ल्याई कृषकहरुको उत्पादनमा मनग्य आम्दानी हुने गरी व्यवस्थापन मिलाउनको लागि रु. २० लाख बजेट व्यवस्थापन गरेको छ।

६। हिमाली गाउँपालिका १, २ र ३ नं. वडालाई केन्द्रबिन्दुको रुपमा रहेको बिच्छ्यांमा कृषि पशुसेवा केन्द्र स्थापना गरी संचालनमा ल्याउने गरी आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

७। यस हिमाली गा.पा. मा **१ वडा १ पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम** संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

८। **आफूलाई चाहिने विउ आफै उत्पादन गरौं** भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने बालीहरु फापर, चिनो, कागुनो, मार्से लगायत अन्य बाली धान, गहु, मकै, कोदो जस्ता प्रमुख खाद्यान्न बाली एवंम दलहन र तरकारी आदिको विउ विजन उत्पादन, प्रशोधन र बजारीकरणको लागिको आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

९। संघिय सरकारको सर्शत तर्फ प्राप्त बजेट अर्न्तगत कार्यकमबाट उद्यमशिलता कार्यक्रम (मेड्पा) तथा प्रशिक्षण सञ्चालन र औजार यन्त्र उपकरण वितरण गरी स्थानीय स्रोत साधन परिचालन गर्नको लागि संघिय सरकारको शर्सत तर्फबाट आवश्यक बजेटको व्यवस्था गरेको छ।

१०। हिमाली गाउँपालिकाको धुलाचौरमा औद्योगिक ग्रामको निर्माण कार्यलाई तिब्र गतिमा अगाडि बढाई निकट भविस्यमा नै हिमाली गाउँपालिका भित्र उत्पादित फलफूल, अन्य कृषि जन्य उत्पादीत बस्तु, पशुजन्य उत्पादीत बस्तु, जडिबुटी, काष्ठजन्य बस्तु, केतुके, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्वन्धीत उद्योगहरु संचालनमा ल्याई हजारौं नागरिकहरुलाई रोजगारीमा जोड्ने कार्यको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।/

११। **गाउँपालिकाभित्र रहेका तपशिलका स्थानहरुमा लघुउद्यम जस्तै सुधारिएका घट्ट मिलहरु, जडिबुढी उद्योग, केतुके उद्योग लगायतका कार्यक्रमहरु संचालन गर्न रु. १५ लाख बजेटको व्यवस्था मिलाएको छु। सो अन्तरगत तपशिल बमोजिमका योजनाहरुमा बजेट विनियोजन गरी अन्य केही योजनाहरु प्राथमिकरण गरिएका छन्।**

१२। पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाइ पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

१३। हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्बाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिंदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक सांस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ।

१४) पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवंम पर्यटकहरु प्रतिको समुचित व्यवहार एवंम् पर्यटक मैत्री व्यवसाय संचालन गर्न स्थानीय होटल व्यवसाय र अन्य पर्यटनसंग सम्बन्धीत व्यवसायीलाई पर्यटन मैत्री सेवा तथा व्यवहार विकास तालिम संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

१५) हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा ऱ्याफटीङ्ग सेवा सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।

१६) हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिनका लागि २५ लाख बजेटको व्यवस्था गरेको छु । सो अन्तरगत तपशिल अनुसारका योजनाहरु प्राथमिकरण गरिएको छ ।

१७) हिमाली गाउँपालिका वडा नं. १ नेटा मा प्रहरी चौकी शौचालय निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

१८) हिमाली गाउँपालिका भित्रका वडा कार्यालय भवन निर्माण तथा व्यवस्थापनको लागि प्रदेश सरकारसँगको समन्वयमा रु. ५० लाख बजेटको व्यवस्था मिलाईएको छ ।

१९) **स्वच्छ, सफा, हरियाली विद्यालय अभियान** अन्तरगत सम्पूर्ण विद्यालयमा बृक्षारोपण कार्यक्रम संचालन गरि **एक विद्यालय एक करेसाबारी** अनिर्वाय बनाउनु पर्ने साथै बाह्रै महिना हरियो तरकारी अभियान संचालन गर्नका लागि आवश्यक बजेट मिलाइएको छ ।

२०) नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न खाजा घरको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

२१) यस हिमाली गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक विद्यार्थी अनुपात अनुसार नियुक्ति गरिएका स्वयम् सेवक शिक्षकहरुलाई निरन्तरता दिनुका साथै उक्त शिक्षकहरुको पारिश्रमिक तलब भत्ताको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२२) गाउँपालिका भित्रको वास्तविक बस्तु स्थिती धार्मिक, सास्कृतिक तथा ऐतिहासिक विषय बस्तुलाई समेटी चालु आर्थिक वर्षमा स्थानिय पाठ्यपुस्तक निर्माण गरी आगामी शैक्षिक सत्रबाट कक्षा १ देखि ६ सम्म कार्यान्वयनमा ल्याउनका लागि बजेटको व्यवस्था गरेको छु ।

२३) यस गाउँपालिका अन्तरगत विभिन्न स्थानमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापनको लागि न्यूनतम पारिश्रमिकसम्म बृद्धि गरी गाउँपालिकाले आफ्नो श्रोतबाट आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४) समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा परीक्षा प्रणालीको एकरुपता र शैक्षिक सत्रको सुरुवातमै पाठ्यपुस्तक उपलब्ध गराउनको लागि सर्शत तर्फबाट बजेटको व्यवस्था गरेको छु ।

२५) महिनावारी भएकै कारणले कुनै पनि छोरीहरुको पढाइ नछुटोस् भन्ने उद्देश्यका साथ सबै किशोरीहरुलाई निःशुल्क स्यानिटरि प्याड वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

CamScanner

२६। यस गाउँपालिकामा संचालित आधारभूत र माध्यामिक तहका लागि अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२७। विपत तथा महामारी लगायत अन्य विभिन्न कारण विद्यालय तथा शिक्षण सिकाईमा पर्न सक्ने प्रभावलाई मध्यनजर गरी शिक्षण सिकाईलाई निरन्तरता दिइ विद्यालयलाई सुरक्षित राख्न वैकल्पिक सिकाईको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२८। समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयमा अध्यनरत आर्थिक तथा विपन्न, दलित, जनजातीका बालबालिकाहरुलाई छात्रवृत्तीको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२९। हिमाली गाउँपालिकाको खेलकूद क्षेत्रको विकास गर्न "स्वास्थ्यको लागि खेलकूद राष्ट्रका लागि खेलकूद" भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा राष्ट्रपति रनिङ्गसिल्ड खेलकूद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरु संचालन गर्न रु १ लाख र अध्यक्ष कप खेलकूदको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

३०। आधारभुत तह कक्षा ५ र ८ उतीर्ण परीक्षा तथा अन्य कक्षागत तहको परीक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

३१। सम्पुर्ण विद्यालयमा क्रमश: पुस्तकालय, गणित, विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थित गर्दै लगीनुको साथै प्रत्येक आधारभूत र माध्यामिक विद्यालयमा ई-हाजिरी र ई-पुस्तकालयको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

३२। विद्यालयका प्रध्यानाध्यापक, शिक्षक तथा लेखा कर्मचारीलाई क्षमता विकास सम्वन्धी तालिमको व्यवस्था गरी शिक्षक कर्मचारीको क्षमता विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

३३। विद्यालय स्वच्छ सरसफाई कार्यक्रम अन्तर्गत पिउने पानी, बालमैत्री शौचालय तथा नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षा कोठा व्यवस्थापन जस्ता कुराहरुको क्रमश: सुधार गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

३४। सुरक्षित विद्यालय धुलोमुक्त विद्यार्थी हाम्रो इच्छा, श्रम सिप र रोजगारमुखी गुणस्तरीय शिक्षा भन्ने नारालाई साकार पार्दै प्रत्येक विद्यालयमा डेस्क, बेन्च तथा विद्यालय फर्निचरको व्यवस्था साथै भवन शौचालय अन्य संरचना निर्माण गरी विद्यालयलाई सुविधा सम्पन्न बनाउन तपशिल अनुसारको बजेट बिनियोजन गरेको छ ।

३५। हिमाली गाउँपालिकाका नि:शुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ । गर्भवती र सुत्केरी महिलारुलाई थप आर्थिक सहायता प्रदान आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३६। उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उद्धेश्का साथ क्यान्सर रोगबाट पिडित व्यक्तिहरु ,मुटु रोग ,मृगौलाको अपरेसन तथा डाईलाइसिस गर्नुपर्ने समस्या भएका व्यक्तिहरु , दुर्घटनामा परि मेरुदण्ड ,अन्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि अपरेसन सम्म गर्नुपर्ने अवस्थाका विपन्न परिवारका नागरिकहरुलाई विशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको व्यवस्था मिलाइएको छ।

३७। पाठेघर खसेका महिलाहरुको सम्पुर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरि बजेटको व्यवस्था मिलाइएको छ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष



CamScanner

३८। हिमाली ५ क्यूडीमा स्वास्थ्य चौकी भवन निर्माणको लागि प्रदेश समपुरकबाट रु. ३८ लाख ४ हजार र धुलाचौरमा गाउँपालिका स्तरीय आइसोलेसन सहितको बर्थीङ सेन्टर भवन निर्माणका लागि संघिय सरकारबाट विशेष तर्फबाट रु. २ करोड २५ लाख रमकको व्यवस्था मिलाएको छ ।

३९। सबै स्वास्थ्य संस्थामा खानेपानी र सौचालयका साथै गुणस्तर सुधार गर्न लागी तपशिल बमोजिम बजेटको व्यवस्था मिलाइएको छ।

४०। हिमाली गाउँपालिकाको अति दुर्गम गाउँ बक्षामा नयाँ स्वास्थ्य संस्था स्थापना गरि स्वास्थ्य सेवा सुचारु गर्न आवश्यक बजेट मिलाइएको छ।

४१। "गाउँ गाउँमा स्वास्थ्य सेबाको पूर्वाधार-गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा समृद्ध एवं दिगो विकासको आधार" भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रुपमा अगिकार गर्दै यस गाउँपालिकाका सबै नागरिकको पहुँचमा आधारभूत स्वस्थ्य सेवा पुगाउन हिमाली गाउँपालिकाका दुर्गम बस्तिहरु पाँडी, क्यूडी, बाम र बोर्तामा गत वर्ष नै स्वास्थ्य सस्था स्थापना गरिसकेको र आगामी आ.व.मा जनशक्ति र श्रोत साधन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

४२। वहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी संघिय सरकारको शसर्त तर्फको बजेट व्यवस्था मिलाएको छ ।

४३। यस हिमाली गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा तथा निशुल्क औषधि उपचारको लागि औषधि खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

४४। विभिन्न महामारी जन्य रोगहरु सर्ने तथा नसर्ने रोगहरु सम्वन्धि रोकथाम, नियन्त्रण, उपचार र जनचेतनामूलक कार्यक्रममा संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

४५। स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीहरुको सेवा सुविधाको लागि शशर्त स्रोतबाट बजेटको व्यवस्था गरेको छ ।

४६। यस हिमाली गाउँपालिका स्वास्थ्य शाखा अन्तरगत कार्यरत करार स्वास्थ्य कर्मिहरुको लागि बजेटको व्यवस्था गरेको छ ।

४७। बर्थिङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको प्रयाप्त व्यवस्था गरि संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै सबै स्वास्थ्य सस्थाहरुबाट गर्भ जाँच तथा सुत्केरी गराउन मिल्ने गरि स्वास्थ्यकर्मीहरुलाई तालिम र स्वास्थ्य संस्था लागि औजार उपकरण व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छ ।

४८। महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न रु. २ लाख बजेट गाउँपालिका र संघीय सरकारबाट रु. ५ लाख ५० हजार गरी जम्मा ७ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

४९। हिमाली गाउँपालिका वडा नं. ५ कवाडिमा निमार्णाधिन गाउँपालिका स्तरीय १० शैयाको अस्पताल निमार्ण कार्यलाई तिब्रता दिई छिटै अस्पताल सेवा संचालनमा ल्याउनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

५०। कार्यालय संचालन तथा व्यवस्थापन गर्न गाउँपालिका तर्फका करार कर्मचारी, स्वयमसेवक शिक्षकहरुको तलव भत्ताका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

५१। यस हिमाली गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको पारिश्रमिक तलव भत्ताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

५२। गाउँपालिका भित्र ६५ बर्ष भन्दामाथिका संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता नपाएका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपागंहरुलाइ बितरण गर्दै आईरहेको सामाजिक सुरक्षाभत्ता कार्यक्रमलाई निरन्तरता दिनको लागि गाउँपालिकाको तर्फबाट सामाजिक सुरक्षा भत्ताका लागि ८लाख ५० हजार बजेटको व्यवस्था मिलाएको छ ।

५३। यस हिमाली गाउँपालिका भित्र रहेका दलित, महिला, विपन्न र अल्पसंख्य समुदायको उत्थान बिकास र क्षमता अभिबृद्धिका गर्न लक्षित कार्यक्रमका अन्तरगत रु.७ लाख बजेटको व्यवस्था गरेको छ ।

५४। जनप्रतिनीधि सेवा सुबिधा तथा चालु खर्च कार्यक्रम तर्फको लागि आवश्यक बजेट बिनियोजन गरेको छ ।

५५। कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म ग्याफ्टिङ सेवा सञ्चालन भईरहेको तथा कुवाडी देखि धुलाचौरसम्म ग्याफ्टिङ सेवा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

५६। हिमाली गाउँपालिका हुँदै रारा जाने बाटो जोडि सकेको र बुढीनन्दा जाने सडक संजाल जोड्न काम भैरहेको हुँदा पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानीय नागरिकहरुलाई पर्यटन व्यवसाय जोड्ने गरी आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

५७। पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुँच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरी आवश्यक कार्य अगाडी बढाईने गरी आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

५८। न्यायिक समितिलाई सकृय गराई महिला प्रति हुने सबै प्रकारका हिंसाको अन्त्य तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने गरी आवश्यक बजेटको व्यवस्था गरेको छ ।

५९। न्यायिक समितिले सम्पादन गर्ने कार्य सम्बन्धमा सबै वडामा जनचेतना कार्यक्रम संचालन गर्ने गरी रु. ५ लाख बजेटको व्यवस्थापन गरेको छ ।

६०। वालविवाह, वहुविवाह, छाउपडी, छुवाछुत जस्ता कुपर्था र कुसंस्कृती लाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने गरी आवश्यक बजेट व्यवस्था मिलाइएको छ ।

६१। कुपोषण र गरिबीको मुल कारक तत्वको रुपमा रहेको बालविवाहलाई न्यूनीकरण गर्न उच्च शिक्षा हासिल गरी कानूनीरुपमा उमेर पुगेर विवाह गर्ने छोरीहरुलाई उचित पुरस्कारको तथा सम्मानको लागि आवश्यक बजेट व्यवस्था मिलाइएको छ ।

६२। यस आर्थिक बर्षमा सबै वडा कार्यालयमा डिजिटल नागरीक वडा पत्र राखी वडा कार्यालय बाट गरिने काम हरु डिजिटाईजेसन प्रणाली लाई प्राथमिकीकरणका आधारमा लैजानको लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

६३। सबै वडा कार्यालय सञ्चालनको लागि ईन्धन, सवारी, मर्मत तथा प्रशासनिक एवम् व्यवस्थापन खर्च स्वरुप प्रत्येक वडा कार्यालयहरुलाई रु.१ लाख ५० हजार का दरले बजेट व्यवस्थापन गरेको छु ।

६४। यस हिमाली गाउँपालिकाले बिभिन्न सेवा प्रदायक निकायसँग समन्वय, सहकार्य र सहमतीका आधारमा संचालन गर्ने विभिन्न घुम्ती सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

६५। गाउँपालिकाभित्र अपाङ्ग तथा जेष्ठ नागरिकहरुको पहिचान गरी समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको छ ।

६६। यस गाउँपालिकामा लागू भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै विकासमा सार्वजानिक निजी साझेदारी रणनीतिलाई वास्तविक कार्यनीतिमा परिणत गर्नका लागि साझेदारी कार्यक्रम अन्तरगत १ करोड बजेटको व्यवस्था मिलाएको छ ।

६७। हिमाली गाउंपालिका अन्तरगत सडक सञ्जाल जोड्का लागि १ करोड बजेटको व्यवस्था गरेको छ ।

६८। गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध हिमाली गाउँपालिका बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम् ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै बाँकी रहेका सुप, सिमपानी, जौंली र छिम्दु लगायतका स्थानहरुमा झोलुंगेपुल निर्माणका लागि रु १० लाख बजेटको व्यवस्था गरेको छ ।

६९। हिमाली गाउँपालिका सबै बस्तीलाई सडक सञ्जाल जोड्नको लागि सडक, गोरेटो बाटो तथा पुल निमार्ण र स्तर उन्नतीका साथै विपतबाट हुने क्षति न्यूनीकरणका लागि ३० लाख बजेटको व्यवस्था मिलाएको छ ।

६६. हिमाली गाउँपालिका अन्तरगत प्रधानमन्त्री रोजगार सेवा केन्द्र अन्तरगत बजेटबाट निर्माण कार्य सम्पन्न गर्नका लागि साझेदारी नीति बमोजिम योजनाहरु निर्माण र सम्मन्न गर्ने गरी प्राथमिकिकरणका आधारमा आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

६७. हिमाली उज्यालो अभियान अर्न्तगत यस गाउँपालिकामा निर्माण भएको कवाडी लघु जलविद्युत् आयोजना, र निमार्णधिन विच्छ्रँया खोला लघु जलविद्युत् आयोजनाहरुलाई बोल्डीक धिम र क्युडीमा विद्युत लाईन विस्तार गरी उक्त स्थानहरुमा उज्यालोको प्रबन्ध मिलाउनको लागि एकमुष्ट रु. २० लाख बजेट विनियोजन गरेको छ ।

६८. हिमाली गाउँपालिका भित्र निर्माण भएका निर्माणधिन आयोजनाको भुक्तानी दिन बाँकी भई दायित्व सिर्जना भएको रकम भुक्तानीको रकम विनियोजन गरेको छ ।

६९. सर्शत तर्फ प्राप्त हुने नविकरणीय उर्जा कार्यक्रम अन्तरगत धुलाचौर बजार आसपासमा सौर्य ऊर्जा सडक बत्ति लगाएत सौर्य प्रणालीका लागि १० लाख बजेट व्यवस्था गरेको छ ।

७०. कवाडी बजारमा डम्पीङ साइट बनाउनुको साथै सार्वजनिक धारा तथा शौचालय निर्माण गर्ने र बजार क्षेत्रमा फोहर सकलन गर्न कन्टेनर राख्ने गरि फोहोर व्यवस्थापनको बजेट विनियोजन गरेको छ ।

७१. गाउँपालिकाको नाराको रुपमा रहेको "एक घर एक धाराको" नीतिलाई पूर्णरुपमा कार्यन्वयन गर्न गराउन खानेपानीका पुराना आयोजनाहरुको मर्मत पुनर्स्थापना एवं नयाँ आयोजनाहरुको कार्यान्वयन गर्न तथा योजनाहरु निमार्ण गर्नका लागि तपशिल बमोजिमको खानेपानी योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रम हुने निर्माण तथा मर्मतका लागि दुवै शिर्षकबाट रु ५० लाख बजेटको व्यवस्था मिलाएको छ ।

७२. गाउँपालिका भित्रका विधालयहरुका लागि अन्तरनिहित प्रतिभालाई प्रस्फुटनका लागि पालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड, अध्यक्ष कप जस्ता अन्तर विधालय कार्यक्रम संचालनका लागि

८६. बालक्लब, युवाक्लबहरुलाई खेलकुद सञ्चालन तथा व्यवस्थापन गर्न तपशिलका योजनाहरु प्राथमिकिकरण गरिएको छ ।

८७. क) भवानी मा.वि. फिल्ड निर्माण हिमाली-६ धुलाचौर

ख) शैलेश्वरी मा.वि.फिल्ड निर्माण हिमाली-४ फैती

८८ ७३. गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन बाँझो नराख्नको लागि सिचाँई सेवा विस्तार गर्न र साना सिंचाई आयोजना निर्माण तथा सिंचाई प्रणालीको मर्मत संभार र नयाँ
८९ प्रविधिमा आधारित सिंचाई योजनाको कार्यान्वयन गर्न तथा योजनाहरु निमार्ण गर्नका लागि
९० तपशिल बमोजिमको खानेपानी योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रम हुने साथै
९१ गाउँपालिका समानिकरणको बजेटबाट सामाग्री लगाएत अन्य व्यवस्थापन गरी निर्माण तथा
९२ मर्मतका गर्नका लागि रु ३० लाख बजेटको व्यवस्था मिलाएको छ ।

७४. दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका
९ वडा नं १ बिच्छयाँ वडा नं ५ कुवाडी र वडा नं ६ को पाँडी वडा नं ३ को गुम्बामा फोनको टावर निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

९ ७५. यस हिमाली गाउँपालिकाका महिला, दलित बालबालिका, जनजाती, अपाङ्गहरुको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

९ ७६. हिमाली गाउँपालिकाका सेवा एवम् सूचनाहरु सबै नागरिकहरुको पहुँचमा पुर्‍याउनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

७७. हिमाली गाउँपालिकाका वडाहरुसम्म नागरिकहरुलाई इन्टरनेटको पहुँच पुर्‍याउन ९ लाख बजेटको व्यवस्था मिलाएको छ ।

७८. गाउँपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम गरी नागरिकहरुलाई सुरक्षित महशुस गराउनको लागि आवश्यक बन्दाबस्तिका सामाग्री व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

७९. गाउँपालिका क्षेत्रभित्र भवितव्य, विपद् जस्ता समस्याहरुको सामना तथा व्यवस्थापनका लागि रु. ८० लाख बजेटको व्यवस्था मिलाएको छ ।

क) भैपरी व्यवस्थापन तर्फ रु. ४८ लाख

ख) विपत व्यवस्थापन तर्फ रु. २७ लाख

ग) फैती शैलेस्वरी स्कुल हावाहुरीको विपदको क्षेती बाट भएको संरचना पुननिर्माण रु. ५ लाख

८०. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यसै वर्ष भित्र वेरोजगार युवाहरुका लागि रोजगारी सिर्जनाका लागि रु ५७ लाख २१ हजार बजेटको व्यवस्था गरिएको छ ।

८१. राष्टिय परिचय पत्र तथा पंञ्जीकरण कार्यक्रमलाई थप प्रभावकारी कर्मचारीहरुको तलब भत्ताका साथै कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

८२. सेवापरामर्श तथा भैपरी आउने खर्च तर्फ आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

८३. चालु खर्च तर्फ आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

८४. उत्पादनमा आधारित राजमा सिमी कार्यक्रम अन्तरगत प्रदेश सरकारको शसर्त तर्फ रु.४ लाख २० हजार बजेट व्यवस्था गरेको छ ।

८५. उत्पादनमा आधारित अनुदान घाँस अमरिसो कार्यक्रमको लागि रु. ९० हजार विनियोजन गरेको छ ।

गोविन्द बहादुर मल्ल
गाउँपालिका प्रमुख

८६. प्रदेश विशेष अन्तरगत साघुचौर विद्युत संरचना पहिरो नियन्त्रण तथा मुहान तटबन्धन निर्माणको लागि रु. ४० लाख र पोषण कार्यक्रमका लागि रु. २५ लाख रकम विनियोजन गरेको छ।

८७. प्रदेश शसर्त अन्तरगत खडाडिल पम्पानी मैतर्ना, डिग्नेचौर बौडी सडक निर्माणको लागि रु. ६५ लाख रकम विनियोजन भएको छ।

८८. नमुना खानेपानी स्रोत संरक्षण र एक पालिका एक नमुना नगदे बाली प्रवर्द्धनको लागि रु. २० लाख विनियोजन गरेको छ।

८९. स्वास्थ्य क्षेत्रको संरचना तथा अन्य व्यवस्थापनको लागि रु.३० लाख बजेट व्यवस्थापन गरेको छ।

९०. शिक्षा क्षेत्रको संरचना तथा अन्य व्यवस्थापनको लागि रु. ५० लाख बजेट व्यवस्थापन गरेको छ।

९१. नेपाल देउडा सांस्कृतिक संरक्षण व्यवस्थापनको लागि आवश्यक बजेट मिलाइएको छ।

९२. गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

९३. न्यायिक समिति तथा इजालास व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन मिलाइएको छ।

९४. साझेदारी रकमबाट पर्यटन बोर्ड संग साझेदारीमा निर्माण गरिएको रानी शैन सम्म पर्यटकीय पदमार्गको तिर्न बाँकि रकमको लागि बजेट ब्यबस्थापन गरिएको छ।

९५. प्रस्तुत विनियोजित बजेटबाट खर्च व्यवस्थापन गर्ने गरी थप तपशिलका योजनाहरु प्राथमिकरण गरि बजेट बिनियोजन गरेको छु।

तपसिल :

| क्र स | योजना को नाम | रकम |
|---|---|---|
| १ | टिन आधुनिक घट्ट निर्माण हिमाली १ टिन | 100,000.00 |
| २ | सिउडेनि आधुनिक घट्ट निर्माण हिमाली १ | 100,000.00 |
| ३ | कोट आधुनिक घट्ट हिमाली २ कोट | 100,000.00 |
| ४ | आरनको व्यावस्थापनको लागि बजेट माग हिमाली ३ | 50,000.00 |
| ५ | कुटानी पिसानी मिल भवन निर्माण बोर्ता हिमाली ४ | 80,000.00 |
| ६ | परम्परागत आरन संरक्षण हिमाली ४ | 50,000.00 |
| ७ | विधुतिय कुटानिपिसानि मिल निर्माण हिमाली ५ रुगिन कुवाडी | 250,000.00 |
| ८ | कुटानी पिसानी मिल हिमाली ६ धिम | 250,000.00 |
| ९ | कुटानी पिसानी मिल हिमाली ७ बाँधु | 250,000.00 |
| १० | जौली आधुनिक घट्ट हिमाली ३ गुम्वा जौली | 150,000.00 |
| ११ | पांडी तेल पेल्ने मेसिन हिमाली ६ पांडी | 120,000.00 |
| १२ | बिच्छयाँ मा.वि. कोठा मर्मत निर्माण हिमाली १ | 300,000.00 |
| १३ | सुनन्दा आ.वि. घेरबार निर्माण हिमाली १ बामु | 200,000.00 |
| १४ | गोश्वरा आ.वि. शौचालय निर्माण हिमाली १ टिन | 200,000.00 |
| १५ | बिच्छयाँ मा.वि. को अफिस पछाडी पिथारो बनाउने र छात्रवास मर्मत | 100,000.00 |

गोविन्द बहादुर मल्ल
गाउँपालिका उपाध्यक्ष

| | | |
|---|---|---|
| १६ | बुढीनन्दा आ.वि. शौचालय मर्मत हिमाली २ नातिखोला | 200,000.00 |
| १७ | रुम्दी आ.वि. शौचालय मर्मत हिमाली २ | 200,000.00 |
| १८ | लवासुर आ.वि. भवन तथा सौचालय मर्मत हिमाली २ | 200,000.00 |
| १९ | ठुलाकोट मा.वि. सौचालय मर्मत हिमाली २ | 200,000.00 |
| २० | ठुलाकोट मा.वि. भवन मर्मत र कक्षा कोठा भुई ढलान हिमाली २ | 600,000.00 |
| २१ | युना मा.वि. शौचालय निर्माण योजना हिमाली ३ | 200,000.00 |
| २२ | लामपाटा बाबिके भवन मर्मत हिमाली ३ | 100,000.00 |
| २३ | गंगा आवि शौचालय र टहरा मर्मत हिमाली ३ | 100,000.00 |
| २४ | शैलेश्वरी मा.वि. फिल्ड तथा मन्च निर्माण हिमाली ४ | 850,000.00 |
| २५ | नेरा आ.बि. झ्याल ढोका तथा पलास्टर निर्माण हिमाली ४ | 300,000.00 |
| २६ | बागेश्वरी मा.वि. भवन टिनको टहरा मर्मत हिमाली ५ | 300,000.00 |
| २७ | बडिमालिका मा.वि. सौचालय निर्माण हिमाली ६ | 500,000.00 |
| २८ | भवानी मा.वि. प्रवेशद्धार निर्माण हिमाली ५ | 300,000.00 |
| २९ | जनता मा.वि. भवन निर्माण तथा रंगरोदन हिमाली ७ | 200,000.00 |
| ३० | **बर्थिङ्ग सेन्टर नयाँ स्वास्थ्य संस्थामा मेसनरी औजार सामाग्री** | **1,000,000.00** |
| ३१ | बाँमु आधारभुत स्वास्थ्य सेवा केन्द्र,शौचालय निर्माण हिमाली १ | 300,000.00 |
| ३२ | बामु स्वास्थ्य भुइ पप्लाटर हिमाली १ | 70,000.00 |
| ३३ | रुम्दी खोप केन्द्र निर्माण हिमाली हिमाली २ | 300,000.00 |
| ३४ | गुम्बा स्वास्थ्य भवन पप्लाष्टर हिमाली ३ | 100,000.00 |
| ३५ | आधारभूत स्वास्थ्य केन्द्र शौचालय निर्माण हिमाली ४ बोर्ता | 180,000.00 |
| ३६ | रुगिन स्वास्थ्य चौकी वाल निर्माण हिमाली ५ | 300,000.00 |
| ३७ | बक्षाँ स्वास्थ्य संस्था संचालन हिमाली ५ | 250,000.00 |
| ३८ | पाँडी आधारभूत स्वास्थ्य सेवा केन्द्र मर्मत हिमाली ६ | 250,000.00 |
| ३९ | चम्लेडी देखि नेटा गाउँ खानेपानी निर्माण हिमाली १ | 500,000.00 |
| ४० | पाल्त देखि देउसैन स्वास्थ्य सम्म खानेपानी निर्माण हिमाली १ | 850,000.00 |
| ४१ | गिउछा वस्ति खानेपानी हिमाली १ नेटा | 200,000.00 |
| ४२ | मधुशे खा. पा. मर्मत हिमाली १ टिन | 100,000.00 |
| ४३ | कोट स्वास्थ्य खानेपानी निर्माण हिमाली २ कोट | 150,000.00 |
| ४४ | कोटीगाउँ खानेपानी निर्माण हिमाली २ | 250,000.00 |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

| | | |
|---|---|---|
| ४५ | तल्लो रुम्दी खानेपानी मर्मत हिमाली २ | 200,000.00 |
| ४६ | कोरेली खानेपानी निर्माण योजना हिमाली ३ युना | 400,000.00 |
| ४७ | जुके मुहान गंडरी खानेपानी निर्माण हिमाली ३ युना | 100,000.00 |
| ४८ | गंगा आ.वि. खानेपानी निर्माण योजना हिमाली ३ बौढी | 250,000.00 |
| ४९ | गोरखोला देखि कोलबाडा सम्म खानेपानी निर्माण योजना हिमाली ३ युना | 100,000.00 |
| ५० | फैती हुँदै दलित वस्ती बृहत खानेपानी निर्माण हिमाली ४ | 1,000,000.00 |
| ५१ | बोर्ता स्वास्थ्य सेवा केन्द्र खानेपानी निर्माण हिमाली ४ | 200,000.00 |
| ५२ | डाब देखि जरगाउँ हुदै स्वास्थ्य सम्म खानेपानी निर्माण हिमाली ५ क्युडी | 500,000.00 |
| ५३ | नदापाटा खानेपानी निर्माण तथा मर्मत हिमाली ५ नदापाटा | 500,000.00 |
| ५४ | काउले खोला देखिं पारि ग्याचु सम्म खानेपानी निर्माण हिमाली ५ रुगिन | 400,000.00 |
| ५५ | मंगलमय आ.वि.खानेपानी निर्माण हिमाली ५ नदापाटा | 150,000.00 |
| ५६ | टाडा गडा देखि रवानीवाडासम्म खानेपानी निर्माण हिमाली ६ धिम | 250,000.00 |
| ५७ | स्वास्थ कुस्याडी खानेपानी निर्माण हिमाली ६ धिम | 400,000.00 |
| ५८ | धिम खानेपानी मर्मत हिमाली ६ धिम | 500,000.00 |
| ५९ | झिनी खानेपानी निर्माण हिमाली ६ धिम | 500,000.00 |
| ६० | भेडेपानी,नाउला, खानीखोला खानेपानी मर्मत हिमाली ६ पाँडी | 250,000.00 |
| ६१ | कालीझार देखि धुलाचौर वजारसम्म खानेपानी निर्माण धुलाचौर | 600,000.00 |
| ६२ | कुइया खोला खानेपानी मुहान मर्मत तथा घेरबार निर्माण बाँधु हिमाली ७ बाँधु | 300,000.00 |
| ६३ | जिमाना हुँदै मैतार्ना देखि बिच्छयाँ सडक निर्माण हिमाली १ र ३ जोड्ने हुम्ला वाजुरा मर्तार्ना जोड्ने | 3,000,000.00 |
| ६४ | बिच्छयाँ झो.पु. मर्मत हिमाली १ | 100,000.00 |
| ६५ | गोलीगोडा देखि कोट नातिखोला हुदैं बिच्छैया सम्म सडक निर्माण हिमाली ५ र २ | 2,500,000.00 |
| ६६ | ठाँटि देखि धारे ढुंगा सम्म सडक निर्माण योजना हिमाली ४ फैती | १४००००० |
| ६७ | लेख वोर्ता देखि ग्यम्चु हुदै नादपाटा सडक निर्माण हिमाली ४ वोर्ता | 500,000.00 |
| ६८ | काल्या गोडा हुदै औल बच्छयाँसम्म सडक निर्माण हिमाली ५ वक्षाँ | 2,600,000.00 |
| ६९ | कुला डिल देखि डाँडा ओखलसम्म सडक निर्माण हिमाली ५ धिम | 400,000.00 |
| ७० | भवानी थानदेखि तिमिली सिचाई कुलो हिमाली ६ धीम | 250,000.00 |
| ७१ | प्यारा सिचाई कुलो निर्माण हिमाली ४ फैती | ८००००० |
| ७२ | साँगु चौर देखि चौडिला सिचाइकुलो हिमाली ५ रुगिन | 500,000.00 |
| ७३ | नाफी, पाहाडा सिचाई कुलो निर्माण हिमाली ६ धिम | 150,000.00 |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुंगाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ७४ | माझिकुलो कुलो निर्माण हिमाली ६ बोल्डिक | 500,000.00 |
| ७५ | रौज खला सिचाइ निर्माण हिमाली ६ बोल्डिक | 100,000.00 |
| ७६ | चिउरा रुख देखि अडिके सम्म सिचाई हिमाली ६ बोल्डिक | |
| ७७ | माथिल्लो कुलो बाहिरी भाग सिचाई कुलो निर्माण | 1,200,000.00 |
| ७८ | निउडी मेला देखि खउला सम्म गोरेटो बाटो हिमाली १ | 100,000.00 |
| ७९ | सिमपानी देखी तरिखोला हुदै बढुङ्गा सम्म गोरेटो बाटो हिमाली १ तरिखोला | 100,000.00 |
| ८० | बाँमु देखि बाडे सम्म जडिबुटि सम्म पदमार्ग बाटो हिमाली १ | ७००००० |
| ८१ | देउसैन देखि घटेवगर सम्म गोरेटो बाटो निर्माण हिमाली १ देउसैन | 90,000.00 |
| ८२ | घट्ट देखि भेरिमेला सम्म गोरेटाबाटो निर्माण हिमाली २ | 250,000.00 |
| ८३ | सुप देखि सिउडेनि सम्म बाटो निर्माण तथा मर्मत हिमाली २ | 500,000.00 |
| ८४ | सुनधारा देखि जैलिबाटो मर्मत हिमाली २ | 100,000.00 |
| ८५ | थारिकाध गोरेटोबाटो मर्मत हिमाली २ | 100,000.00 |
| ८६ | मालढुंगा सिसेरा सम्म जडिबुटी पउच मार्ग हिमाली ३ | ७००००० |
| ८७ | छरछरे खोला काठे सागु निर्माण हिमाली ३ गुम्बा | 50,000.00 |
| ८८ | फुलै देखि पातिहाल्ना सम्म गोरेटो बाटो निर्माण हिमाली ३ बौडी | 100,000.00 |
| ८९ | बौडी विद्यालय जाने सागु तथा ग्याबिङ निर्माण हिमाली ३ बौडी | 50,000.00 |
| ९० | बाटुला कारेपानि बाटो निर्माण हिमाली ४ कारपानी | 100,000.00 |
| ९१ | सीराने नेटडांडा गुरुधोगर्ना हुँदै बच्छ्या हुलागी डांडा हिमाली ५ नदपाटा | 700,000.00 |
| ९२ | बाहुन पनेरा गोरेटो बाटो निर्माण हिमाली ६ धिम | 110,000.00 |
| ९३ | कैलाश मन्दिर जाने बाटो हिमाली ६ धिम | 200,000.00 |
| ९४ | रावत बाडा देखि उप्री कोट सम्म घोरेटो बाटो निर्माण हिमाली ६ धिम | 300,000.00 |
| ९५ | निलाग्रा माइ मन्दिर हिमाली २ रुम्दी | 300,000.00 |
| ९६ | कैलाश मन्दिर हिमाली ५ नादपाता तिर्नुपर्ने | 200,000.00 |
| ९७ | भानाढुकुरी हिमाली हिमाली ४ बोर्ता | 200,000.00 |
| ९८ | पांडी दलित बस्ति मन्दिर हिमाली ६ पांडी | 250,000.00 |
| ९९ | हिमाली ५ बक्षा मन्दिर हिमाली ५ | 500,000.00 |
| १०० | बोल्डिक बक्षा मस्टो हिमाली ६ बोल्डिक | 250,000.00 |
| १०१ | दलित बस्ति सिमेन्टे खडेनचि हिमाली ७ बाँधु | 300,000.00 |
| १०२ | कुवाडी सिब मन्दिर हिमाली ५ कुवाडी | 500,000.00 |

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष



हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाजुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १०३ | सभाखलो निर्माण हिमाली ७ बाँधु . | 200,000.00 |
| १०४ | ल्वासुर मन्दिर पर्यटकीय मुर्ति निर्माण | १००००० |
| १०५ | देउरुख मन्दिर हिमाली ४ | २००००० |
| १०६ | जीवन सुधार एकीकृत फलफूल बगैचा घेरबार सिचाई योजना वडा नं ५ | 400,000.00 |
| १०७ | मुवाब्जा वितरण योजना | 850,000.00 |
| १०८ | प्रशासकीय भवन सौचालय टायल लागायद संरचना रिफर्म | ४०००००० |
| १०९ | विपदबाट क्षेती पांढी गोरेटोबाटो बनाएको तिर्न बाँकी | १५०००० |
| | जम्मा | 44,600,000.00 |
| १ | बडिमालिका माथामिक विद्यालय घेरबार निर्माण योजना वडा नं ६ धिम प्रधानमन्त्री स्व.रो.कार्यक्रम संगको साझेदार रकम तिर्न बाँकी रकम | २६०९०० |
| २ | शैलेश्वरी माथामिक विद्यालय प्यारापिट वाल तथा नेपाल राष्ट्रीय आधारभूत विद्यालय खानेपानी प्रधानमन्त्री स्व.रो.कार्यक्रम संगको साझेदार रकम तिर्न बाँकी रकम मर्मत योजना वडा नं. ४ फैती | ६०४५८० |
| ३ | भवानी माथामिक विद्यालय घेरबार तथा नवाडा देखिक्षपि सम्म बाटो निर्माण योजना वडा नं. ६ प्रधानमन्त्री स्व.रो.कार्यक्रम संगको साझेदार रकम तिर्न बाँकी | १६३९०० |
| ४ | चौडिल्ला हुँदै कवाडी बजार देखि परिदुल्या र क्यूडी ,बंच्छ्या सिंचाई कुलो मर्मत योजनाप्रधानमन्त्री स्व.रो.कार्यक्रम संगको साझेदार रकम तिर्न बाँकी वडा नं. ५ | ९९६७० |
| ५ | बिच्छ्या खाद्यन्न भवन तथा काम्ले वगर देखि ओख्णेनी सम्म बाटो निर्माण योजना वडा नं. १ प्रधानमन्त्री स्व.रो.कार्यक्रम संगको साझेदार रकम तिर्न बाँकी | ६६०९६५ |
| | जम्मा | १७९००१५ |
| १ | फैती ठाटी देखि लेख बोर्ता हुदै ग्याम्चु कुसुडाँडा हुदै रुगिन सम्म कृषि सडक निर्माण गत आ.व. को सम्पुरक तिर्न बाँकी aapusa | 1964000 |
| २ | फैती ठाटी देखि लेख बोर्ता हुदै ग्याम्चु कुसुडाँडा हुदै रुगिन सम्म कृषि सडक निर्माण गत आ.व. को सम्पुरक तिर्न बाँकी Jesis | 787500 |
| ३ | GIZ संगको साझेदारी कलेक्सन सेन्टर र रस्ट्रीक स्टोर लगायत साझेदारी कार्यक्रम | 2000000 |
| ४ | क्यूडी स्वास्थ्य चौकी भवन निर्माण गत आ.व. को सम्पुरक तिर्न बाँकी | 1200000 |
| ५ | बिच्छ्याँ स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १ बिच्छ्याँ(क्रमागत) गत आ.व. को सम्पुरक तिर्न बाँकी | 2336000 |
| ६ | धुलाचौर धिम बिधुत गतबर्ष ठेक्का खोलिसकेको तिर्न बाँकी | 9400000 |
| ७ | बागेश्वरी माध्यमिक विद्यालय छात्रवास निर्माण तिर्न बाँकी | २७५०००० |
| ८ | धुलाचौर आइसुलेसन बर्थिंग सेन्टर भवन दोश्रो ठेक्का को तिर्नु बाँकि | १७२५००० |
| ९ | धुलाचौर आइसुलेसन बर्थिंग सेन्टरको खुला बाहिर सार्बजनिक सौचालय निर्माण | १०००००० |
| | जम्मा | 23162500 |

सभाका अध्यक्ष महोदय,

सभा सदस्य ज्युहरु,

१. अब माथी उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

❖ **आर्थिक वर्ष २०८१।०८२ अनुमानित आय विवरण**

| क्र.सं. | खर्च शीर्षक | स्रोत | दाता | संकेत | रकम रु. |
|---|---|---|---|---|---|
| 1 | समानिकरण अनुदान पुजिगत | नगद | नेपाल सरकार | संघ | 77000000.00 |
| 2 | शर्सत अनुदान चालु | नगद | नेपाल सरकार | संघ | 102370000.00 |
| 3 | शर्सत अनुदान चालु | बस्तुगत अनुदान | डब्लु.एफ.पी. | संघ | 7900000.00 |
| 4 | शर्सत अनुदान चालु | सोध भर्ना अनुदान | एस.इ.एस.पी. | संघ | 5300000.00 |
| 5 | शर्सत अनुदान चालु | सोध भर्ना ऋण | एस.इ.एस.पी. | संघ | 7100000.00 |
| 6 | शर्सत अनुदान चालु | नगद अनुदान | युरोपियन युनियन | संघ | 2100000.00 |
| 7 | शर्सत अनुदान चालु | सोध भर्ना ऋण | आई.डि.ए. | संघ | 5700000.00 |
| 8 | शर्सत अनुदान पुंजीगत | आन्तरिक ऋण | नेपाल सरकार | संघ | 2000000.00 |
| 9 | समपुरक अनुदान पुंजीगत | आन्तरिक ऋण | नेपाल सरकार | संघ | 5000000.00 |
| 10 | विशेष अनुदान पुंजीगत | आन्तरिक ऋण | नेपाल सरकार | संघ | 12000000.00 |
| 11 | राजस्व बाँडफाँड चालु | नगद | नेपाल सरकार | संघ | 87400000.00 |
| 12 | समानिकरण अनुदान पुजिगत | नगद | प्रदेश सरकार | प्रदेश | 6359000.00 |
| 13 | शर्सत अनुदान चालु | नगद | प्रदेश सरकार | प्रदेश | 550000.00 |
| 14 | विशेष अनुदान पुंजीगत | नगद | प्रदेश सरकार | प्रदेश | 6500000.00 |
| 15 | समपुरक अनुदान पुंजीगत | नगद | प्रदेश सरकार | प्रदेश | 12776000.00 |
| 16 | शर्सत अनुदान पुंजीगत | नगद | प्रदेश सरकार | प्रदेश | 9700000.00 |
| 17 | राजस्व बाँडफाँड चालु | नगद | प्रदेश सरकार | प्रदेश | 3034000.00 |
| 18 | आन्तरिक श्रोत | नगद | हिमाली गा.पा. | अल्या | 4750000.00 |
| 19 | अल्या गत आ.व. | बैंक मौज्दात | हिमाली गा.पा. | अल्या | 16103500.00 |
| 20 | अल्या गत आ.व. चालु | बैंक मौज्दात | हिमाली गा.पा. | अल्या | 3908000.00 |
| जम्मा | रु. सैतिस करोड पचहत्तर लाख पचास हजार पांच सय मात्र | | | | 377550500.00 |

**कूल जम्मा अनुमानित बजेट रु ३७ करोड ७५ लाख ५० हजार ५ सय**

❖ आर्थिक वर्ष २०८१।०८२ को व्यय विवरण

क) चालु तर्फ रु. २२ करोड १४ लाख ५४ हजार

ख) पूंजीगत तर्फ रु. १५ करोड ६० लाख ९६ हजार ५ सय

**कूल जम्मा अनुमानित बजेट रु ३७ करोड ७५ लाख ५० हजार ५ सय**

यसैगरी गाउँपालिकालाई सहयोग गर्ने विकासका साझेदारहरु GIZ, INF, IDS Nepal, फेज नेपाल, पिसवीन, सुआहारा, एच.आर.सी.लगायतका अन्य विकास साझेदारहरु, नीजि क्षेत्र, सहकारी र बैङ्क तथा वितिय संस्थासँगको सहकार्यमा हिमालीको समृद्धीको यात्रालाई निरन्तरता दिइनेछ ।

२. अब म आगामी आर्थिक वर्षको राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

३. हाम्रो गाउँपालिका ठुला तथा साना व्यापार व्यवसाय लगायत राजश्व असुलीको बलियो आधार नभएकाले आन्तरिक आम्दानी ज्यादै न्यून रहेको छ। विविध समस्याका बाबजुत पनि आ.व.२०८१।८२ लाई राजश्व असुलीको वर्षको रूपमा लिई राजश्व संकलनलाई आधार वर्षको रूपमा लिईनेछ।

क) कर तथा गैरकर सम्बन्धी कानूनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिने,

ख) उत्पादनजन्य तथा रोजगारी सिर्जना गर्ने खालका उद्योग व्यवसायलाई प्रोत्साहन गर्ने,



हिमाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धुलाचौर, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँपालिका अध्यक्ष

CamScanner

ग) गाउँपालिकाको संस्थागत विकास, सूचना प्रविधिको प्रयोग, कर शिक्षा तथा सचेतना अभिवृद्धी गर्ने करको दायरामा ल्याउने खालका कृयाकलाप सञ्चालन गर्ने।

४. अब म आगामी आर्थिक वर्ष २०८१।०८२ को राजश्वका दर सम्बन्धी प्रस्ताव र राजश्व सुधारका कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

५. वर्तमान अवस्थालाई मध्यनजर गरी करका दरमा बृद्दी नगरी समसामयिक समायोजन गरी दायराको विस्तार गरिएको छ । कृषि तथा पशुपालनजन्य उद्योग व्यवसायमा लगानी गर्ने लगानी कर्तालाई करछुट, नविकरण शुल्क मिनाहा जस्ता व्यवस्थाको प्रवन्ध गरिएको छ ।

६. धुलाचौर बजार क्षेत्र र बाहिरका साना बजारमा करका दरमा न्यायिक रुपमा निर्धारण गरेको छु।

७. सामान्य वर्गका लागि लाग्ने सिफारिस शुल्कमा सहुलियतको व्यवस्था गरिएको छ ।

८. राजश्व गाउँपालिकाको लागि नभई हाम्रै लागि भन्ने मान्यता स्थापित गर्न राजश्व सचेनता विकासका लागि धुलाचौर बजार व्यवस्थापन समिति, कोष तथा लेखा नियन्त्रक कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयसंगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।

९. आगामी आर्थिक वर्षमा गत वर्षदेखि सञ्चालित क्रमागत योजनाहरुको निर्माण सम्पन्न हुने गरी, निर्माणमा तिव्रता आउने अपेक्षा गरेको छु।

१०. विगतका ७ वर्षको अवधीमा तयार गरिएको नीतिगत तथा कार्यक्रमगत जग, संघ र प्रदेश सरकारको मार्गदर्शनमा टेकेर आगामी वर्षको बजेटले समृद्ध हिमाली गाउँ खुसी गाउँवासीको सपना साकार पार्न योगदान पुर्‍याउने आशा गरेको छु । यस परिस्थितिमा एकतावद्द भएर अघि बढ्न यस बजेटले सहयोग गर्ने विश्वास लिएको छु । सबै राजनैतिक दलका प्रतिनिधी, विकास साझेदार, सञ्चारकर्मी, नीजि तथा सहकारी संघ संस्था, सुरक्षाकर्मी लगायत सम्पूर्ण गाउँपालिका गाउँवासीलाई उद्देश्य प्राप्ती तर्फ सिर्जनशील सहयोगको आव्हान गर्दछु।

११. कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुर्याउने अपेक्षा गरेको छु। प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु।

१२. बजेट तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु,साथै प्रमुख प्रशासकीय अधिकृत ज्यू लगाएत सम्पूर्ण कर्मचारीहरु प्रति आभार व्यक्त गर्दछु ।

१३. क्षेत्रगत रुपमा अमुल्य सुझाव प्रदान गर्नुहुने संघीय सरकार, प्रदेश सरकार तथा गैरसरकारी निकायका व्यक्तित्व, नागरिक समाज, बजार व्यवस्थापन समिति, करदाता लगायत दिनरात खट्ने कर्मचारीवर्गलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष



CamScanner

गाउँ सभा अध्यक्ष महोदय,

गाउँ सभा सदस्य ज्यूहरु,

अन्त्यमा,

हिमाली गाउँवासी लगायत समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरुलाई भुकम्प तथा बाढीपहिरो लगाएतका विपतको उच्च जोखिममा रहेको हाम्रो क्षेत्र भिरालो भु-भाग हुनाले वर्षादको समय सुरुवात भैसकेकोले हुनसक्ने सम्भावित जोखिमबाट सुरक्षित रहन सावधानी अपनाउन र आत्मविश्वासका साथ रहन अपील गर्दै हिमालीको विकासमा हातेमालो गर्न आव्हान गर्दछु ।

**धन्यवाद**

गोविन्द बहादुर मल्ल
गाउँपालिका अध्यक्ष

राजकला सार्की
उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
हिमाली गाउँपालिका बाजुरा ।
२०८१ असार १० सोमबार



CamScanner